# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ११, मंसिर २२ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका युवा परिषद् नियमावली (प्रथम संशोधन), २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।८।२१

व्यास नगरपालिका युवा परिषद् नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. नियम ३ (ख) "उपाध्यक्ष" को सट्टा "कार्यकारी उपाध्यक्ष" राखी संशोधन गरिएको ।

२. नियम ३ (५) मा भएको अन्तिम बाक्य "नगरपालिका क्षेत्रभित्र स्नातक तह उत्तीर्ण युवा नपाइएमा कक्षा १२ उर्त्तीण गरेको युवालाई मनोनयन गर्न सकिने छ" भन्ने हटाइएको ।

३. नियम १३ समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य तथा नियम १२ बमोजिमको उप-समिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए बापत नगरपालिकाले तोके बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउने छन् भन्नेको सट्टा समितिका अध्यक्ष, कार्यकारी उपाध्यक्ष र सदस्यहरु, उपसमिति तथा कार्यदलका सदस्यहरुले अनुसूची ३ बमोजिम बैठक भत्ता र कार्यकारी उपाध्यक्षले सुविधा प्राप्त गर्नेछन् राखी संशोधन गरिएको छ ।

४. अनुसूची ३ को सपथ सम्बन्धी सबै प्रावधान हटाई सोको सट्टा देहाय बमोजिमका प्रावधान थप गरिएको छः

(१) बैठक भत्ता रु.१,०००। (एक हजार)

(२) कार्यकारी उपाध्यक्षको सुविधा निम्नानुसार हुनेछः

(क) सञ्चार सुविधा मासिक रु.५,०००। (पाँच हजार)

(ख) समन्वय सुविधा मासिक रु.५,०००। (पाँच हजार)

(ग) यातायात सुविधा मासिक रु.३,०००। (तीन हजार)

५. अनुसूची ४ निम्नानुसार थप गरिएको छः

(नियम १७ सँग सम्बन्धित)

शपथ

म ....................................... (शपथ लिने व्यक्तिको नाम) .................................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/इश्वर/देश र जनताका नाममा शपथ लिन्छु कि व्यास नगरपालिका युवा विकास समितिको ....................... पदको हैसियतले मलाई तोकिएको काम मैले जाने बुझेसम्म कर्तव्य सम्झी देश तथा समिति प्रति वफादार रही भय, पक्षपात वा द्धेष नराखी, लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहदा वा नरहदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

| शपथ ग्रहण गर्नेको: | शपथ ग्रहण गरेको प्रमाणित गराउनेको: |
|---|---|
| नाम: | नाम: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| पद: | पद: |
| कार्यालय: | |

आज्ञाले

हरिराम नागिला

प्रमुख प्रशासकीय अधिकृत